# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या :- २०७८/०७९

सूचना प्रकाशित मिति :- २०७८/८/१७

विषय - सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा यस झिमरुक गाउँपालिकामा लुम्बिनी प्रदेश सरकारवाट प्राप्त कोभिड कृषि कार्यक्रम संचालन गर्नका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,मुकाम बुटवलको च.नं. १०८८ मिति २०७७/१०/१२ गतेको पत्र अनुसार आ.व.०७७/०७८ को लागि कृषि अधिकृत (छैठौं) सख्या १ जना करारमा पदपुर्ति गर्नको लागि मिति २०७८/१/२ मा विज्ञापनको सूचना निकालिएको थियो । उक्त सूचना अनुसार ४ जनाको दरखास्त परेको तर कोभिड-१९ को कारणले परीक्षा सञ्चालन गर्न नसकिएकोले उक्त सूचना अनुसार परेका दरखास्तहरुलाई यथावत कायम राख्दै आ.व. २०७८/०७९मा तपसिल वमोजिमको पद सेवा करारमा पदपूर्ति गर्नका लागि देहाय वमोजिमको योग्गता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि पुनः सूचना प्रकाशित गरिएको छ ।

| क.स | विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २-२०७८/०७९ | कृषि अधिकृत | छैठौ | १ | |

परिक्षाको किसिम : लिखित तथा अन्तरवार्ता

परिक्षा दस्तुर रु : १००० (अक्षरुपी एक हजार )

दरखास्त दिने स्थान : झिमरुक गाउँपालिकाको कार्यालय, भ्यागुते, प्यूठान ।

दरखास्त दिने अन्तिम मिति : २०७८/८/२३ गते

तलव स्केल : प्रचलित स्केल अनुसार

**आवश्यक शैक्षिक योग्यता :**

क.मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषयमा स्नातक तह उत्तीर्ण गरेका प्रमाणपत्रहरुको प्रतिलिपि

ख.व्यक्तिगत विवरण

ग.नेपाली नागरिकताको प्रतिलिपि

घ.उमेरको हद : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको

ङ अनुभवको प्रमाणपत्रको प्रतिलिपि

च. ३ प्रति पासपोर्ट साईजको फोटो

थप जानकारीको लागि झिमरुक गाउँपालिकाको कार्यालय, ९८५७८३६३५८ सम्पर्क गर्न सकिनेछ ।

२०७८/८/१८

सुवाश रिजाल

प्रमुख प्रशासकीय अधिकृत